☎ ०७१-५७०२०४

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

भैरहवा, रुपन्देही

मितिः- २०८३/०२/१९

प.स.
च.नं.

## सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित सूचना !!

लुम्बिनी प्रदेश सरकारको प्राइभेट फर्म दर्ता नियमावली २०७६, तथा साझेदारी नियमावली २०७६, संशोधन भै प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८२" तथा साझेदारी नियमावली २०८२ लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद् बाट मिति २०८३/०१/०८ मा स्वीकृत तथा मिति २०८३/०१/२४ मा प्रदेश राजपत्रमा प्रकाशन भै जारी भएका छन् । संशोधित नियमावली बमोजिम देहायको व्यवस्था कायम रहेको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

### "प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८२" को व्यवस्था

१. स्थानीय तहबाट हाल रु ५ लाखसम्म पुँजि भएको प्राइभेट फर्म दर्ता, नविकरण, अद्यावधिक हुदै आएकोमा अब उप्रान्त रु १० लाखसम्म पुँजि भएको प्राइभेट फर्म दर्ता, नविकरण, अद्यावधिक गर्नुपर्ने व्यवस्था भएको तथा स्थानीय तहमा भएका दर्ता, नविकरण, अद्यावधिकको विवरण सम्बन्धित स्थानीय तहले मासिक रुपमा घरेलु तथा साना उद्योग कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था भएको ।

२. घरेलु तथा साना उद्योग कार्यालयबाट रु १० लाखदेखि १५ करोडसम्म पुँजि भएको प्राइभेट फर्म दर्ता, नविकरण, अद्यावधिक र खारेज गर्ने लगायतका कार्य गर्नुपर्ने व्यवस्था भएको ।

३. उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट रु १५ करोडदेखि रु ५० करोडसम्म पुँजि भएको प्राइभेट फर्म दर्ता, नविकरण, अद्यावधिक र खारेज गर्ने लगायतका कार्य गर्नुपर्ने व्यवस्था भएको ।

४. विवरण हेरफेर गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेः-
   क. जतिसुकै पुँजिवृद्धि गर्दा एक सय रुपैया मात्र ।
   ख. नामसारी वा ठाउँसारी गर्दा एक सय रुपैया मात्र ।
   ग. नाम संशोधन र उद्धेश्य परिवर्तन गर्दा एक सय रुपैया मात्र ।

५. प्राइभेट फर्म/ साझेदारी फर्म/ कम्पनी दर्ता गर्न आवश्यक कागजातहरु,
   क. वडा कार्यालयको सिफारिस ।
   ख. जग्गाधनि प्रमाण पत्रको प्रतिलिपी ।
   ग. जग्गा वा भवन भाडाको भए भाडा सम्झौता पत्र ।
   घ. जग्गा वा भवन एकाघरको भएमा अंशियारको मञ्जुरीनामा ।
   ङ. अन्य निकायको सिफारिस वा प्रमाणपत्र आवश्यक पर्ने भएमा सो समेत ।
   च. कम्पनीको हकमा प्रवन्धपत्र, नियमावली, कम्पनी दर्ता प्रमाण पत्र,स्थायी लेखा नम्बर र शेयर लगत
   छ. अन्य आवश्यक कागजातहरु ।

### "साझेदारी (पहिलो संशोधन) नियमावली, २०८२" को व्यवस्था

१. घरेलु तथा साना उद्योग कार्यालयबाट रु १० लाखदेखि १५ करोडसम्म पुँजि भएको प्राइभेट फर्म दर्ता, नविकरण, अद्यावधिक र खारेज गर्ने लगायतका कार्य गर्नुपर्ने व्यवस्था भएको ।

२. उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट रु १५ करोडदेखि रु ५० करोडसम्म पुँजि भएको प्राइभेट फर्म दर्ता, नविकरण, अद्यावधिक र खारेज गर्ने लगायतका कार्य गर्नुपर्ने व्यवस्था भएको ।

२०८३/०२/१९
प्रमुख उद्योग अधिकृत